नेपाल सरकार
गृह मन्त्रालय
**कारागार व्यवस्थापन विभाग**
(प्रशासन शाखा)
कालिकास्थान, काठमाडौं

फोन नं. : ०१-४४२४३४१
फ्याक्स : ०१-४४४४५५३
ईमेल : prashasan@dopm.gov.np

पत्र संख्या : ०८३/८४
च.नं. :

# विज्ञप्ति

आज मिति २०८३/०५/१० गते विहान त्रिशुली नदीमा आएको बाढीबाट केन्द्रीय कारागार कार्यालय, खम्पाक्याम्प, नुवाकोटको प्रारम्भिक जानकारी अनुसार २ वटा सवारी साधन (चार पाङ्ग्रे) बगाएको, कार्यालय भवनको १ तल्ला सम्म बाढी पसी लेदो जम्मा भएको, कारागार भवनको बाहिरी पर्खालमा क्षति पुगेको, बिजुली/बत्ती/पानी तथा इन्टरनेट सेवा अवरुद्ध भएको, कारागारको १ नं. ब्लकमा पानी पसी क्षति पुऱ्याएकोले क्षति नपुगेको ब्लकमा कैदीबन्दीलाई स्थानान्तरण गरिएको, केही कैदीबन्दी बाहिर निस्किएकोमा बाहिर निस्केका कैदीबन्दीलाई नियन्त्रणमा लिईसकिएको, सुरक्षा निकायबाट हाल कारागारको सुरक्षा व्यवस्था मजबुत बनाएको र कारागारमा रहेका कैदीबन्दी तथा बालबिज्याँईकर्ताहरू सुरक्षित रहेको अवस्था छ।

बाढीको सूचना प्राप्त हुन साथ कारागार व्यवस्थापन विभागका महानिर्देशकबाट गृह मन्त्रालय, नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र कारागार प्रशासकसँग निरन्तर रुपमा समन्वय र सम्पर्क गरी आवश्यक सतर्कता अपनाउन, मानवीय क्षति हुन नदिन, आवश्यक सुरक्षा प्रबन्ध मिलाउन तथा खाद्यान्न तथा अत्यावश्यक सामग्री व्यवस्थापनका लागि समन्वय गरेको र कारागार प्रशासकलाई निरन्तर रुपमा परिस्थितिको विश्लेषण गरी प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायसँग सम्पर्कमा रहन निर्देशन भएको छ।

उक्त कारागार कार्यालयमा बाढीबाट भएको क्षतिको स्थलगत रुपमा अनुगमन गरी विवरण संकलन गर्न, स्थानीय प्रशासनसँग समन्वय गर्न, कैदीबन्दीको सुरक्षा प्रबन्ध मजबुत बनाउनको लागि गर्नुपर्ने आवश्यक कार्यहरूका लागि विभागका निर्देशक श्री चोमेन्द्र न्यौपानेको संयोजकत्वमा शहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक प्रतिनिधि सहितको समिति गठन गरी उक्त समिति परिचालन भएको व्यहोरा अनुरोध छ।

चोमेन्द्र न्यौपाने
प्रवक्ता/निर्देशक

मितिः २०८३।०५।१०
ने.स. :- ११४६ गुंलाथ्व, १३ बुधबार